आज मिति २०७७।११।२६ गतेको दिन यस उत्तरगया गाउँपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यू को अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी तपशिलका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मती बाट पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| उपेन्द्र लम्साल | अध्यक्ष |
| चमेली गुरुङ | उपाध्यक्ष |
| बम बहादुर तामाङ | वडा अध्यक्ष |
| खुवाबहादुर गुरुङ | वडा अध्यक्ष |
| लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| इश्वर थापा | वडा अध्यक्ष |
| शान्ता गलान | सदस्य |
| कृष्ण कुमारी नेपाली | सदस्य |
| सिता भट्ट | सदस्य |
| विन्दा रैला | सदस्य |
| ज्ञानु विक | सदस्य |
| तिर्थ बहादुर घले | सदस्य |
| अर्जुन खड्का | सदस्य सचिव |

**प्रस्तावहरु**

प्रस्ताव नं. १ विषेश अनुदान रकम माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ कर्मचारी प्रोत्साहन सम्बन्धमा ।

प्रस्ताव नं. ३ राजपत्र प्रकाशन सम्बन्धमा ।

प्रस्ताव नं. ४ साना व्यवसायी कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनको लागि बाली बस्तु छनोट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ लैङ्गिक हिंसा निवारण कोष कार्यविधि, २०७७ सम्बन्धमा ।

प्रस्ताव नं. ६ होमस्टे अध्ययन अवलोकन सन्बन्धमा ।

प्रस्ताव नं. ७ लाइवरेरी लाकुरीखोला रेलिङबार तथा बगैंचा खोला तारजाली निर्माण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ कर्मचारी खटाउने सम्बन्धमा ।

प्रस्ताव नं. ९ सार्वजानीक सुनुवाई गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १० नेपाल मगर संघ जिल्ला कार्य समिति रसुवालाई रकम भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ धर्म साँस्कृतिक सहयोग कोषबाट खर्च गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १२ रकमान्त गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १३ अस्पताल निर्माणको लागि जग्गा प्राप्ती सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १ प्रस्ताव नं. १** माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत आ.ब ०७८।०७९ मा सञ्चालन गरिने तपसिल बमोजिमका योजना तथा उक्त योजना सञ्चालन गर्न आवश्यक पर्ने बजेट रकम श्री आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेश, हेटौडा मकवानपुरमा विशेष अनुदान तर्फ रकम माग गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल**

१. कोषधारा ढुङ्गे, खानेपानी वडा नं. ५ रु.८६,६२,२८४।०० (अक्षेरुपी छयासी लाख बैसठ्ठी हजार दुई सय चौरासी रुपैयाँ मात्र)

२. बोगटीटार बस्ती संरक्षण तथा साउने खोला पहिरो नियन्त्रण वडा नं. ५ रु. ९९,५५,६२७।०० (अक्षेरुपी उनान्नसय लाख पचपन्न हजार छ सय सत्ताइस रुपैयाँ मात्र)

३. उत्तरगया २ नं. वडा चिप्लेढुङ्गा महादेव पार्वती गुफा श्रीदेवि मन्दीर भ्युटावर रु १ करोड (डि.पि.आर मा उल्लेख भएको)

Scanned with CamScanner

४. वडा नं. १ मा दलदुङ्ग देखि सिरुचेत खानेपानी रु. ७० लाख

५. वडा नं. ३ सिंदुरेदुङ्गा मुहान भएर पैरगाउँ सिरानटोल खानेपानी रु.८० लाख

६. वडा नं. २ डाँडागाउँ देखी नयाबस्ती खानेपानी रु. ७० लाख

७. वडा नं. ३ बासकोटे खेत सिंचाइ योजना रु. ६० लाख

**निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा** यस गाउँपालिका अन्तर्गत ढुङ्ग, गिट्टी, बालुवा,माटो, कभाडि तथा चरन क्षेत्रमा नियमानुसार कर संकलन गर्ने सम्बन्धी वडा सचिवलाई जिम्मेवारी तोक्ने र नियमानुसार कर संकलन गरे बापत कर संकलन भएको रकमको १० प्रतिशत रकम सम्बन्धीत वडा सचिवलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा** यस गाउँपालिकाबाट विभिन्न मितिमा कानून निर्माण भएता पनि राजपत्रमा प्रकाशन नभएका हुँदा जुन मितिमा कानून निर्माण भएको हो सो मितिमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतको नामबाट राजपत्र प्रकाशन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा** प्रधामन्त्री कृषि आधुनीकरण परियोजना, २०७७ अनुसार राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने साना व्यवसायी कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालनको लागि मौरी र कन्ये च्याउ व्यवसाय छनोट सूचना प्रकाशन प्रक्रिया अगाडि बढाउने गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा** लैङ्गिक हिंसा निवारण कोष कार्यविधि, २०७७ पारित गर्ने निर्यण गरियो ।

**निर्णय नं. ६ प्रस्ताव नं ६ माथि छलफल गर्दा** यस गाउँपलिका २, ३ र ४ वडा मा वडा स्तरमा ७ (सात) सदस्यीय उपभोक्ता संचालन समिति गठन गर्न अनुरोध गर्ने र गाउँपालिकाबाट होमस्टे संचालन गर्नको लागि विनियोजन गरिएको रु, २०,००,०००।०० (अक्षेरुपी बिस लाख) मध्ये होमस्टे अध्ययन अवलोकन तथा तालिमक गर्नको लागि रु ५,००,०००।००(अक्षेरुपी पाँच लाख रुपैया मात्र) छुट्याउने निर्णय गरियो र अध्ययन अवलोकन गर्न तपसिलका पदाधिकारी तथा कर्मचारी सहभागी हुने निर्णय गरियो ।

<u>तपसिल</u>

१. कार्यपालिकाका पदाधिकारीहरु
२. होमस्टे संचालक समितिका अध्यक्ष, सचिब र कोषध्यक्ष
३. आवश्यक कर्मचारीहरु

**निर्णय नं. ७ प्रस्ताव नं ७ माथि छलफल गर्दा** लाइवरेरी लाकुरीखोला रेलिङबार तथा बगैंचा खोला तारजाली निर्माण गर्न गाउँपालिकाबाट कोटेसन आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ प्रस्ताव नं ८ माथि छलफल गर्दा** यस गाउँपालिकाका विभिन्न वडामा पदास्थापन भएका प्राविधिक कर्मचारीहरु वडा कार्यालयमा हाजिर नभएका हुदा वडा कार्यालयको कार्यसम्पादनमा असर पर्न गएको हुदा तत्काल आ आफ्नो वडामा हाजिर भई कामकाज गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९ प्रस्ताव नं ९ माथि छलफल गर्दा** यस गाउँपालिका कार्यालयको सार्वजनिक सुनुवाई कार्यक्रम तपसिलको मिति, समय र स्थानमा सन्चालन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

मिति : २०७७।१२।०६

समय : ११ बजे

Scanned with CamScanner

**निर्णय नं. १० प्रस्ताव नं १० माथि छलफल गर्दा** वडा ५ नं. अध्यक्षको कोषबाट नेपाल मगर संघ जिल्ला कार्यसमिति रसुवालाई नेतृत्व विकास तालिम संचालन गर्न नेपाल मगर संघ रसुवाले मिति २०७७०९।१९ गते देखी २१ गते सम्म प्रशिक्षण कार्यक्रम संचालन गरेको र सो रकम भुक्तानी दिन मिति २०७७।१०।१३ को गाउँसभाबाट बजेट विनियोजन गरेकोले उक्त कार्यक्रको रकम भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ११ प्रस्ताव नं ११ माथि छलफल गर्दा** यस वर्षको तामाङ ल्होसार पर्वको अवसरमा विभिन्न कार्यक्रम भएको हुँदा तपसिलका वडाका समुहहरुलाई रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. वडा नं ४ भलायडाँडा ५० हजार
२ वडा नं २ पात्ले ४० हजार
३. वडा नं. १ सिरुचेत भदौरे ४० हजार

**निर्णय नं. १२ प्रस्ताव नं १२ माथि छलफल गर्दा** आखा शिविर संचालन गर्न रु. ३ लाख रकम अपुग भएको हुदा तपसिलको शिर्षकबाट रकमान्त गरि शिविर संचालनमा सहयोग गर्न निर्णय गरियो ।

तपसिल

१. विभिन्न फर्म्याट तथा परिचयपत्र छपाई शिर्षक बाट रु. ५० हजार

२. न्यायिक समिति तथा मेलमिलापकर्ता पुनरताजकि तालिम शिर्षकबाट रु. १ लाख

३. आर्थिक सहायता कोषबाट रु १ लाख ५० हजार

**निर्णय नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा** गाउँपालिकामा पाँच शैयाको आधारभूत अस्पताल तोकिए बमोजिमको मापदण्ड पुरा गरी सम्बन्धित निकायमा तपसिलको स्थान मध्ये उपयुक्त स्थानमा अस्पतालको निर्माण गर्न ***सर्वाजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७७*** बमोजिम गठित सिफारिस समितिमा प्रस्ताव तथा सिफारीस गरी पठाउन निर्णय गरियो ।

तपसिल

(क) उत्तरगया ५ स्थित गाउँपालिका रहेको स्थान खाल्टेमा रहेको ८२ रोपनी सार्वजनीक क्षेत्र

(ख) उत्तरगया ४ पैरवेशीमा रहेको ६२ रोपनी सार्वजनीक क्षेत्र

(ग) उत्तरगाय ५ लहरेपौवा (साविकको लहरेपौवा २ रातमाटेडाँडा)मा रहेको २४ रोपनी सार्वजनीक क्षेत्र

(घ) उत्तरगया ५ नौविसे

Scanned with CamScanner